# कालिका नगरपालिकाको विनियोजन विधेयक, २०७७

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

२०७७

# कालिका नगरपालिकाको विनयोजन विधेयक, २०७७

**<u>प्रस्तावना</u>** : कालिका नगरपालिका, चितवनको सेवा तथा कार्यहरु सञ्चालनका लागि सञ्चित कोषबाट केही रकम विनियोजन गर्न र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कालिका नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस विधेयकको नाम "कालिका नगरपालिकाको विनियोजन विधेयक, २०७७" रहेको छ ।

(२) यो विधेयक सम्वत् २०७७ साउन १ गते देखि प्रारम्भ भई आर्थिक वर्ष २०७७/०७८ को अवधिसम्म लागु हुनेछ ।

२. **आर्थिक बर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०७६/०७७ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,०४,९२,२९,०००/- मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७७/७८ को निमित्त कालिका नगरपिलका, चितवनको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने शीर्षकबाट अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा बढी शीर्षकहरुमा सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघ, प्रदेश, तथा अन्य निकाय बाट संचित कोषमा अनुदान रकम दाखिला भएमा थप बजेट कायम गरी कार्यपालिकाको स्विकृतीमा खर्च गर्न सकिनेछ ।

अनुसूची १
(दफा २ सँग सम्बन्धीत)

## आय तथा व्ययको प्रक्षेपण

आ.व. : २०७७/७८

रु. हजारमा

| शीर्षक | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को संशोधित अनुमान | आ.व. २०७७/७८ को अनुमान |
|---|---|---|---|
| राजस्व | | | ६,८२,४६९ |
| आन्तरिक श्रोत | | | ४,२१,७०० |
| ११३१३ एकीकृत सम्पती कर | | | ४,००० |
| ११३१४ भुमिकर/मालपोत | | | ५,००० |
| ११३२१ घरवहाल कर | | | १,००० |
| ११३२२ वहाल विटौरी कर | | | १०० |
| ११६९१ अन्य कर | | | १,००० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | | | २,००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | | | १,००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | | | ५०० |
| १४२४२ नक्सापास दस्तुर | | | २,००० |
| १४२४३ सिफारिश दस्तुर | | | ५,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | | | १०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | | | १०० |
| १४२४९ अन्य दस्तुर | | | १,००० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | | | ५०० |
| १४५२९ अन्य राजस्व | | | ५,००० |
| १४६११ व्यवसाय कर | | | १,५०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | १,७६,८७१ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | | | ४०,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | | | ९५,०९२ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | | | २९,६७९ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी [राजस्व बाँडफाँड - संघीय सरकार] | | | २,००० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी [राजस्व बाँडफाँड - | | | १०० |

| | | | |
|---|---|---|---|
| संघीय सरकार] | | | |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | | | १०,००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ४,४०,१५८ |
| संघीय सरकार | | | ३,७०,३०० |
| १३३११ समानिकरण अनुदान | | | १,४०,४०० |
| १३३१२ शसर्त अनुदान चालु | | | २,०९,९०० |
| १३३१४ विषेश अनुदान चालु | | | २०,००० |
| प्रदेश सरकार | | | ६९,८५८ |
| १३३११ समानिकरण अनुदान | | | १०,३२० |
| १३३१२ शसर्त अनुदान चालु | | | २४,५४५ |
| १३३१४ विषेश अनुदान चालु | | | ५,००० |
| १३३१६ समपुरक अनुदान चालु | | | २९,९९३ |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | ० |
| अन्य आय | | | ५०० |
| १५१११ बेरूजू | | | ५०० |
| जनसहभागिता | | | १०,००० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | | | १०,००० |
| | | | |
| व्यय | | | १०,४९,२२९ |
| चालु खर्च | | | ३,४९,१६७ |
| २११११ पारिश्रमिक कर्मचारी | | | १,६६,४५७ |
| २१११२ पारिश्रमिक पदाधिकारी | | | १२,००० |
| २११२१ पोशाक | | | ५२० |
| २११३२ महंगी भत्ता | | | १,२०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | | | ४०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | ५,३६९ |
| २११३९ अन्य भत्ता | | | ५०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | | | २,५३२ |
| २१२१४ कर्मचारी कल्याण कोष | | | १,००० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | | | १०० |
| २२१११ पानी तथा बिजुली | | | ९६४ |
| २२११२ संचार महसुल | | | ९७४ |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | | | १,४०० |
| २२२११ इन्धन (पदाधिकारी) | | | ७२० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | | | २,८२५ |

| | | | |
|---|---|---|---|
| २२२१३ सवारी साधन मर्मत खर्च | | | १,०८० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | | | ४०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | १,०४२ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | | | १,००० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | | | ७०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | | | ४,४८५ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | | | ३०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | २,७०७ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | | | ५,६१३ |
| २२४११ सेवा र परामर्श खर्च | | | १,४०६ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | १,००० |
| २२४१३ करार सेवा शुल्क | | | १९,००४ |
| २२४१९ अन्य सेवा शुल्क | | | ३०० |
| २२५११ कर्मचारी तालिम खर्च | | | ९०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | २,५०० |
| २२५२२ कार्यक्रम खर्च | | | ६१,२१४ |
| २२५२९ विविध कार्यक्रम खर्च | | | ६,३०९ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | | | १,६८८ |
| २२६१२ भ्रमण खर्च | | | १,६०६ |
| २२६१९ अन्य भ्रमण खर्च | | | १,१०० |
| २२७११ विविध खर्च | | | ५,७४८ |
| २२७२१ सभा सञ्चालन खर्च | | | ६०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | | | १७,२१६ |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | | | १,५५० |
| २५३१५ अन्य सस्था सहायता | | | १,००० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | | | १,४०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | | | ७०० |
| २७२११ छात्रवृत्ति | | | २,१३७ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | | | ५०० |
| २७२१३ औषधीखरिद खर्च | | | १,७५० |
| २७२१९ अन्य सामाजिक सहायता | | | ३५० |

| | | | |
|---|---|---|---|
| २८१४२ घरभाडा | | | २,१०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | | | १,३०१ |
| २८२११ राजस्व फिर्ता | | | ५०० |
| २८२१९ अन्य फिर्ता | | | १,००० |
| **पुँजीगत खर्च** | | | ७,००,०६२ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | | | ४०,००० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | | | १,२४,२७९ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | ७,१८५ |
| ३११२१ सवारी साधन | | | ७,९०० |
| ३११२२ मेशिनरी तथा औजार | | | ३,५१० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | | | ३,०४० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | | | ९,११३ |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | | | १,००० |
| ३११३५ पूँजीगत परामर्श खर्च | | | १,००० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | | | ४५० |
| ३११५१ सडक तथा पूल निर्माण | | | २,८०,७९५ |
| ३११५३ विद्युत संरचना निर्माण | | | २,१५० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | | | ५,५७१ |
| ३११५५ सिंचाई संरचना निर्माण | | | ७,५०० |
| ३११५६ खानेपानी संरचना निर्माण | | | ३०,१८८ |
| ३११५७ वन तथा वातावरण संरक्षण | | | ५०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | | | १,६८,२८० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | १,००० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | | | ५,६०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | | | १,००० |
| बजेट बचत (+)/न्यून (-) | | | -३,६६,७६० |
| गत वर्षको नगद मौज्दात | | | ३,६६,७६० |